11 July, 2026

यो आकाशवाणी हो

मुख्य समाचार-

1. प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो दुई दिने ऐतिहासिक न्यूजील्याण्ड भ्रमण सम्पन्न गरी फर्किनु भयो आज स्वदेश

2. नयाँ दिल्लीमा जयप्रकाश नारायण सार्वजनिक पुस्तकालयको उद्घाटन गर्दै युवा पिढीलाई पुस्ताकलयसँग जोड्न गृहमन्त्री अमित शाहले गर्नुभयो अपील

3. सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीको अझ्यक्षतामा आज नागपुरमा ब्रिक्स देशका यातायात मन्त्रीहरूको तेस्रो बैठक सम्पन्न

4. प्रतिव्यक्ति आय विश्लेषणका आधारमा देशमा शीर्ष स्थान ओगट्न फेरि बन्यो सिक्किम सफल

अनि

5. अमेरिकाले शीर्ष नेतृत्वको वित्तीय गतिविधिहरूलाई अवरोध गर्ने उद्देश्यमा लगाए इरानमाथि नयाँ प्रतिबन्धहरू

---------------

1.प्रधानमन्त्री - भारतीय समुदाय

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो दुई दिने ऐतिहासिक न्यूजील्याण्ड भ्रमण सम्पन्न गरी स्वदेश फर्किनु भयो। चार दशकभन्दा बढी समयपछि भारतीय प्रधानमन्त्रीको यो पहिलो न्यूजील्याण्ड भ्रमण थियो, जसले द्विपक्षीय सम्बन्धलाई उल्लेखनीय रूपमा बलियो बनाएको छ।

भ्रमणको क्रममा प्रधानमन्त्री मोदीले न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनसँग वार्ता गर्नभयो। दुवै नेताहरूले रक्षा, पर्यटन, खेलकुद, आदि विभिन्न क्षेत्रहरूमा पाँचवटा सम्झौतापत्रमा हस्ताक्षर गरे।

अकल्याण्डको स्पार्क एरिनामा आयोजित सामुदायिक कार्यक्रम, जसमा दसहजार भन्दा बढी भारतीय डायस्पोराको सदस्यहरू उपस्थित थिए। भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री

लक्सनले भारतलाई एउटा विश्वसनीय मित्रको रूपमा वर्णन गर्नुभयो। साथै उहाँले न्यूजील्याण्डको प्रगतिमा भारतीय समुदायको योगदानको कदर गर्दै प्रधानमन्त्री मोदी नेतृत्वको प्रशंसा पनि गर्नुभयो।

श्री मोदीले प्रधानमन्त्री लक्सनलाई उहाँको न्यानो आतिथ्यका लागि धन्यवाद दिनुभयो। उहाँले आफ्नो सम्बोधनका क्रममा भारतको अन्य देशहरूबाट सिक्ने चाहनाका कारण आफैँलाई रूपान्तरण गरिरहेको बताउँदै न्यूजील्याण्डबाट पनि धेरै कुरा सिकिरहेको विचार व्यक्त गर्नुभयो।

## 2. उपराष्ट्रपति-गयाजी

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले लोकतन्त्रमा विचारको भिन्नता स्वाभाविक भएको तर संविधान र जनहितप्रतिको प्रतिबद्धता सर्वोपरि रहनुपर्छ भन्नुभयो। उहाँले बिहारको गयास्थित राज्य सार्वजनिक प्रशासन तथा ग्रामीण विकास संस्थानमा १८ औँ विधान सभाका सदस्यहरूका लागि दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उक्त विचार प्रकट गर्नुभएको हो। उपराष्ट्रपति राधाकृष्णनले यस्ता कार्यक्रमहरूले विधायकहरूलाई आफ्नो संवैधानिक जिम्मेवारीहरू प्रभावकारी रूपमा निर्वाह गर्न सक्षम बनाएर लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाउने बताउनु भयो।

## 3. INS महेन्द्रगिरी

रक्षामन्त्री राजनाथ सिंहले आज स्वदेशी स्टिल्थ फ्रिगेट, INS महेन्द्रगिरीलाई विशाखापट्टनममा रहेको नौसेनाको पूर्वी बेडामा समावेश गर्नुभएको छ। यो परियोजना १७-ए युद्धपोत भारतको बढ्दो समुद्री शक्ति र स्वदेशी रक्षा क्षमताको प्रतीक हो।

यस अवसरमा बोल्दै, श्री सिंहले भारतले परम्परागत रक्षा क्षमता र उन्नत प्रविधि दुवैलाई बलियो बनाएर आत्मनिर्भर र भविष्यका लागि तयार रक्षा बल निर्माण गरिरहेको बताउनु भयो। उहाँले अझ भन्नुभयो, भविष्यका युद्धहरूमा कृत्रिम बुद्धिमत्ता र अन्य उदीयमान प्रविधिहरूको प्रयोग समावेश हुन सक्छ, तर ती सशस्त्र बलहरूको दृढ संकल्प एवम् साहसले मात्र जित्न सकिन्छ।

### 4. शाह-पुस्तकालय

गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा जयप्रकाश नारायण सार्वजनिक पुस्तकालयको उद्घाटन गर्नुभयो। यस अवसरमा श्री शाहले युवाहरूलाई पुस्तकालयहरू भ्रमण गर्न आग्रह गर्नुभयो, पुस्तकले व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका खेल्छन् भनी बताउनुभयो।

श्री शाहले महान क्रान्तिकारी र विचारक जयप्रकाश नारायणले देशको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै देश र यहाँका जनतालाई बुझ्न पढ्ने बानी विकास गर्नु महत्त्वपूर्ण छ भन्नुभयो। आफ्नो सम्बोधनका क्रममा श्री शाहले किशोर तथा युवाहरूले आफ्नो रुचीको विषय छान्न सक्नुपर्ने बताउँदै युवाहरू पिँढीलाई पुस्ताकलयसँग जोड्न अपील गर्नुभयो।

### 5. नड्डा - जनसंख्या दिवस

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले स्वैच्छिक परिवार नियोजन, सूचित निर्णय र स्वस्थ परिवार समावेशी तथा दिगो विकासको बलियो जग भएको बताउनु भएको छ। विश्व जनसंख्या दिवसको अवसरमा सामाजिक सञ्जालमा सन्देश दिँदै उहाँले यस वर्षको विषयवस्तु आमा र शिशुको कल्याणका लागि स्वस्थ दूरी तथा योजनाबद्ध अभिभावकत्व रहेको बताउनु भयो।

## 6. ब्रिक्स - बैठक नागपुर

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले आज महाराष्ट्रको नागपुरमा विश्वका प्रमुख उदीयमान अर्थतन्त्र देशहरूको एउटा शक्तिशाली अन्तरसरकारी समूह ब्रिक्स देशका यातायात मन्त्रीहरूको तेस्रो बैठकको अध्यक्षता गर्नुभयो। श्री गडकरीले पत्रकारहरूलाई सम्बोधन गर्दै, बैठकमा वैकल्पिक जैविक इन्धन र प्रदूषणमुक्त प्रविधिहरू मार्फत सडक, रेल, उड्डयन तथा जल यातायातलाई कार्बन-तटस्थ बनाउने उपायहरूबारे छलफल गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, यातायात क्षेत्रलाई अझ बलियो, दिगो र राम्रोसँग अन्तरसम्बन्धित बनाउन ब्रिक्स देशहरू बीच नवीनतम प्रविधि अनि आविष्कारहरू साझा गरिँदैछ।

ब्राजिल, चीन, इजिप्ट, इन्डोनेसिया, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका, इथियोपिया र संयुक्त अरब इमिरेट्सका यातायात मन्त्रीहरूले पनि बैठकमा आफ्ना विचारहरू साझा गरे।

## 7. सिक्किम - आय विश्लेषण

सिक्किम फेरि एक पटक देशको सबैभन्दा समृद्ध राज्यको रूपमा प्रतिष्ठित बनेको छ। पछिल्लो प्रतिव्यक्ति आय विश्लेषण अनुसार, आर्थिक वर्ष २०२४-२५ मा राज्यको प्रतिव्यक्ति आय ₹६,४६,००० भन्दा बढी थियो, जुन राष्ट्रिय औसतको लगभग तीन गुणा हो। देशको कुल जनसंख्यामा सिक्किमको हिस्सा केवल ०.०५ प्रतिशत छ।

प्रतिव्यक्ति आयको हिसाबले सिक्किम विगत एक दशकदेखि देशको शीर्ष स्थानमा रहेको छ।

## 8. पश्चिम बंगाल - UCC समिति

पश्चिम बङ्गाल सरकारले राज्यका लागि समान नागरिक संहिता विधेयक मस्यौदाको जाँच गर्न नौ सदस्यीय समिति गठन गरेको छ। यस सम्बन्धमा अधिसूचना पहिला नै प्रकाशित भइसकेको छ। सेवानिवृत्त न्यायाधीश रंजना प्रकाश देसाई यसको अध्यक्ष हुनेछिन्। मेघालयका पूर्व राज्यपाल तथागत रोय पनि समितिका सदस्य हुनेछन्।

समान नागरिक संहिता विधेयकक मस्यौदाको जाँच गर्न समिति गठन गर्ने निर्णय जुलाई २ मा मन्त्रिपरिषद्को बैठकमा गरेको थियो।

## 9. अमेरिका-इरानका नयाँ प्रतिबन्धहरू

संयुक्त राज्य अमेरिकाले इरानमाथि नयाँ प्रतिबन्धहरू लगाएको छ। यी प्रतिबन्धहरूले इरानका नयाँ नेता **मोज्तबा खामेनी**का एक प्रमुख वित्तीय सहयोगी र १३ अन्य व्यक्ति तथा संस्थाहरूलाई लक्षित गर्दछ।

अमेरिकी कोष विभागका अनुसार दुबईस्थित इरानी बैंकर र व्यवसायी अली अन्सारीलाई पनि प्रतिबन्ध लगाइएको छ।

अमेरिकी विदेश विभागले यी उपायहरू इरानको शीर्ष नेतृत्वको वित्तीय गतिविधिहरूलाई प्रतिबन्धित गर्ने उद्देश्यले गरिएको बताएको छ।

## 10. फिफा विश्वकप

आज फिफा विश्वकपको क्वार्टरफाइनलमा नर्वेले इङ्गल्याण्डको सामना गर्नेछ। खेल भारतीय समय अनुसार बिहान २:३० बजे सुरु हुनेछ। भोलि बिहान ६:३० बजे सुरु हुने दोस्रो खेलमा अर्जेन्टिना र स्विट्जरल्याण्डमाझ भीडन्त हुने छ। यस खेलका विजेताले सेमिफाइनलमा स्थान बनाउनेछन्।

स्पेन र फ्रान्सले सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरिसकेका छन्।